नेपाल सरकार

# बर्दिबास नगरपालिका कार्यालय

## बर्दिबास, महोत्तरी

सूचना ! सूचना ! सूचना !

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को परिच्छेद ९ को दफा १४९ मा नगरपालिका क्षेत्रमा प्रमुखबाट भवन निर्माण गर्न अनुमति नलिई कसैले पनि भवन निर्माण गर्नु हुदैन भन्ने उल्लेख भए अनुसार यस नगरपालिका क्षेत्र भित्र निर्माण हुने भवन लगायतका संरचनाहरु बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्वन्धि आधारभुत मापदण्ड, २०७२ को प्रक्रिया पुरा गरी तोकिएको दस्तुर लिई नियमित रुपमा नक्सा पास /अनुमति दिने कार्य भई रहेको व्यहोरा सबैमा जानकारी नै छ ।

यसै गरी नगरपालिका गठन भएको मिति २०७१ मंसिर १६ गते पूर्व निर्माण भएका भवनहरुलाई भवन निर्माण सम्वन्धि आधारभुत मापदण्ड, २०७२ को दफा ८ मा भएको व्यवस्था बमोजिमको प्रक्रिया पुरा गरी नेपाल सरकारले सूचना राजपत्रमा उल्लेखित कार्यको लागि सूचना प्रकाशित गरेको मितिले हुने १ वर्ष भित्रको समयाबधि २०७३ साल चैत्र ९ भित्र नक्सा पासको प्रक्रिया पुरा गरी पुरानो घरको नक्सा नियमित तथा अभिलेखीकरण गरिने भएकोले सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको अवधि पश्चात पुराना घरको नियमित गर्ने र अभिलेखीकरण समेत नहुने, नगरिने भएकोले म्याद भित्र पुराना घरको नक्सा नियमित/ अभिलेखीकरण गर्नु गराउनु होला अन्यथा नगरपालिका जिम्मेवार नहुने र कानून अनुसार भई जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

विस्तृत जानकारीको लागि नगरपालिकाको फेसबुक पेज हेल्लो बर्दिवास नगरपालिका, website-www.bardibasmun.gov.np मा हेरी जानकारी लिन र कार्यालयको फोन नं. ०४४-५५०६७५ सम्पर्क गरी वा प्राविधिक शाखामा गई जानकारी लिने सकिनेछ ।

ईति सम्बत २०७३ साल माघ १४ गते शुक्रबार ।

राम कुमार कार्की
कार्यकारी अधिकृत